# माध्यमिक तह कक्षा १०  को नेपाली विषयमा समाविष्ट 'उज्यालो यात्रा' कविताको शिक्षणका निमित्त तयार गरिएको रणनैतिक पाठयोजना निर्माण

## शिक्षण सिकाइ तथा सिकाइ क्रियाकलापको तयारी र प्रस्तुतीकरण

(विद्यार्थीमैत्री, समावेशी र प्रविधिमैत्री शिक्षण रणनीतिमा आधारित नमूना पाठयोजना)


प्रस्तुतकर्ता

दिलबहादुर परियार

श्री माध्यमिक विद्यालय झुर्किया

रतुवामाई -४, मोरङ

सम्पर्क : ९८६२७६२४६६

इमेल : **dilbahadurpyr@gmail.com**

## १. प्रारम्भिक विवरण

**कक्षा** : १०

**विषय** : नेपाली

**पाठ** : एक

**पाठ शीर्षक** : उज्यालो यात्रा

**विधा** : कविता

**कवि** : रामप्रसाद ज्ञवाली

**पाठ्यवस्तु** : शुद्ध उच्चारण र लयवाचन

**समय** : ५० मिनेट

**शिक्षण ढाँचा** : ए.बी.सी. नमुना (Anticipation – Building Knowledge – Consolidation)

## सिकाइको सान्दर्भिकता

भाषा केवल सञ्चारको माध्यम मात्र नभई संस्कार, संस्कृति, संवेदना र सिर्जनशीलताको आधार पनि हो । कविता साहित्यको त्यस्तो विधा हो, जसले भाव, कल्पना, साङ्गीतिक मोह र जीवनदर्शनलाई कलात्मक रूपमा अभिव्यक्त गर्दछ । कविताको वास्तविक सौन्दर्य उचित गति, यति, लय तथा आरोह-अवरोह र भावपूर्ण वाचनमा निहित हुन्छ ।

'उज्यालो यात्रा' कविता सङ्घर्ष, कर्मशीलता, सकारात्मक सोच र उज्यालो भविष्यतर्फको यात्राको प्रेरणादायी अभिव्यक्ति हो । यस कविताको शुद्ध उच्चारण तथा लयवाचनमार्फत् विद्यार्थीमा भाषिक शुद्धता, भाव सम्प्रेषण क्षमता, आत्मविश्वास, सार्वजनिक प्रस्तुतीकरण सिप, समालोचनात्मक चिन्तन तथा सिर्जनशीलता विकास गर्न सकिन्छ ।

यस प्रकारको लयात्मक अभ्यासले विद्यार्थीमा भाषिक दक्षता मात्र होइन, आत्मविश्वास, सौन्दर्यबोध, सिर्जनशील अभिव्यक्ति र सार्वजनिक बोलाइ सिपसमेत विकास गर्छ ।

## राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्ध

यो पाठयोजना नेपालको राष्ट्रिय पाठ्यक्रम ढाँचा २०७६ को विद्यार्थी केन्द्रित, समावेशी, सिपमुखी तथा प्रविधिमैत्री शिक्षण अवधारणासँग आधारित छ । यसले भाषिक दक्षता, सञ्चार क्षमता, सिर्जनशीलता, समालोचनात्मक चिन्तन तथा जीवनोपयोगी सिप विकासमा जोड दिन्छ ।

## २. सिकाइका उद्देश्यहरू (SMART Objectives)

### अ) ज्ञानात्मक उद्देश्य

क) विद्यार्थीहरूले कवितामा रहेको अनुष्टुप छन्दको संरचना (८ अक्षर, ४-४ मा विश्राम) तथा आरोह-अवरोहको आधारभूत नियम पहिचान गर्न सक्नेछन् ।

ख) “उज्यालो यात्रा” कविताको मूल भाव, सन्देश र सौन्दर्य पक्ष स्पष्ट गर्न सक्नेछन् ।

### आ) सिपगत उद्देश्य

क) विद्यार्थीहरूले कठिन शब्दहरूको शुद्ध उच्चारण गर्दै उचित गति, यति, लय र भावसहित कविता वाचन गर्न सक्नेछन् ।

ख) कविताका हरफमा यति चिन्ह लगाई लय संरचना पहिचान गर्न सक्नेछन् ।

ग) मोबाइल वा डिजिटल उपकरणको प्रयोग गरी आफ्नै वाचन रेकर्ड, विश्लेषण तथा सुधार गर्न सक्नेछन् ।

घ) शब्दको शुद्धोच्चारणसहित कम्तीमा एक पद्यांश आत्मविश्वासपूर्वक लयबद्ध वाचन गर्न सक्नेछन् ।

### इ) व्यवहारगत उद्देश्य

क) कवितालाई शुद्धोच्चारणसहित गति, यति र लय मिलाई वाचन गर्न सिक्नेछन् ।

ख) विद्यार्थीहरूले समूहमा सहकार्य गर्दै रचनात्मक प्रतिक्रिया दिन र लिन सिक्नेछन् ।

ग) कविताप्रति सकारात्मक अभिरुचि र संवेदनशील दृष्टिकोण विकास गर्नेछन् ।

घ) सकारात्मक जीवनदर्शनप्रति प्रतिबद्ध रहने बानीको विकास गर्नेछन् ।

## ३. पाठयोजनाको तयारी

### (क) शैक्षिक सामग्री तथा स्रोतसाधन

भौतिक सामग्री : पाठ्यपुस्तक, शब्दपत्ती, छन्द-नियम चार्ट, फ्ल्यास कार्ड, रुब्रिक्स ।

डिजिटल सामग्री : आदर्श वाचकको अडियो/भिडियो, QR आधारित Audio Link,
AI Voice Sample, कविता प्रस्तुतीकरण भिडियो ।

ICT उपकरण : मोबाइल रेकर्डर, ल्यापटप, प्रोजेक्टर, ब्लुटुथ स्पिकर, स्मार्ट बोर्ड ।

### (ख) समय व्यवस्थापन

| चरण | समय |
|---|---|

पूर्वतयारी (Anticipation) ५ मिनेट

ज्ञान निर्माण (Building Knowledge) ३५ मिनेट

सघनीकरण (Consolidation) १० मिनेट

### (ग) शिक्षक र विद्यार्थीको भूमिका

शिक्षकको भूमिका : सहजकर्ता, प्रेरक, मार्गदर्शक, पृष्ठपोषणकर्ता, नवप्रवर्तनकर्ता ।

विद्यार्थीको भूमिका : सक्रिय अभ्यासकर्ता, प्रस्तोता, सहकार्यकर्ता, समीक्षक ।

## ४. शिक्षण सिकाइ क्रियाकलाप (ABC ढाँचा)

### अ) पूर्वतयारी (Anticipation) – ५ मिनेट

#### प्रविधिको प्रयोग

- अँध्यारोबाट उज्यालोतिर गएको एउटा भिडियो वा तस्विर प्रस्तुत गर्ने,
- जिन्दगीलाई उज्यालो बनाउन हामीले केके गर्नुपर्छ होला ? प्रश्न राख्ने ।

#### शिक्षक गतिविधि

- शिक्षकले एउटै श्लोकलाई पहिला समाचार शैलीमा (लयबिना) र त्यसपछि सुमधुर लयमा वाचन गर्ने ।
- “लययुक्त वाचनले मनमा कस्तो प्रभाव पार्छ ?” भन्ने प्रश्नमार्फत् मस्तिष्क मन्थन गराउने ।
- “कविता केवल पढिन्छ मात्रै कि महसुस पनि गरिन्छ ?” भन्ने जिज्ञासा सिर्जना गर्ने ।
- कवितामा प्रयुक्त अनुष्टुप् छन्दको सामान्य जानकारी गराउने ।

#### विद्यार्थी गतिविधि

- दुई वाचन शैलीबिचको भिन्नता पहिचान गर्ने,
- आफ्ना अनुभव साझा गर्ने,
- वाचनप्रति जिज्ञासा विकास गर्ने ।

### आ) ज्ञान निर्माण (Building Knowledge) – ३५ मिनेट

#### नमुना वाचन

- शिक्षकद्वारा “उज्यालो यात्रा” कविताको नमुना वाचन गर्ने,
- हाउभाउ, आरोह-अवरोह, भाव र लयको प्रयोग प्रदर्शन गर्ने,
- ४-४ अक्षरको यति (विश्राम) लाई तालीको तालमा स्पष्ट पार्ने ।

#### उच्चारण अभ्यास

- सयौँपल्ट, सङ्कल्प, उज्यालो जस्ता कठिन शब्दलाई बोर्डमा टुक्र्याएर देखाउने ।
  उदाहरण : स + यौँ + पल्ट, सङ् + कल्प
- विद्यार्थीबाट सामूहिक तथा व्यक्तिगत उच्चारण गराउने ।

**प्रविधि एकीकरण**

- मोबाइल वा प्रोजेक्टरमार्फत् उत्कृष्ट वाचकको भिडियो/अडियो सुनाउने ।
- गुगल क्लारुम प्रयोग,
- मेन्टीमिटर टुल्सको प्रयोग गरी प्रतिक्रिया लिने ।

**समूहगत अभ्यास तथा समूह कार्य**

- विद्यार्थीलाई ४-५ जनाको समूहमा विभाजन गर्ने,
- कविताका हरफमा विश्राम चिन्ह (/) लगाउने वा सङ्केत गर्ने,
- भावअनुसार स्वर परिवर्तन अभ्यास गर्ने,
- समूहगत लयवाचन प्रस्तुत गर्ने,
- छिटो सिक्ने विद्यार्थीलाई नयाँ लय सिर्जना गर्न लगाउने,
- सहयोग आवश्यक पर्ने विद्यार्थीलाई सहपाठी साथीको सहयोगमार्फत् अभ्यास गराउने ।

**प्रयोगात्मक कार्य**

- जोडा कार्यअन्तर्गत एकले वाचन गर्ने र अर्कोले मोबाइलमा रेकर्ड गर्ने,
- रेकर्ड सुनेर आफैँले त्रुटि पहिचान गर्ने,
- सुधारिएको पुनः वाचन गर्ने ।

**समालोचनात्मक चिन्तन**

छलफलका प्रश्न : - लयवाचनले कविताको भावलाई कसरी जीवन्त बनाउँछ ?
- शुद्ध उच्चारण नभए सन्देशमा कस्तो असर पर्छ ?
- कविताको कुन हरफले तपाईंलाई सबैभन्दा बढी छोयो र किन ?

**(इ) सघनीकरण (Consolidation) – १० मिनेट**

**प्रस्तुतीकरण**

- उत्कृष्ट जोडा वा समूहबाट कविताको वाचन-प्रस्तुति गराउने ।
- कक्षाबाट रचनात्मक प्रतिक्रिया सङ्कलन गर्ने ।

**प्रतिविम्बन**

विद्यार्थी : - आज मैले लय र उच्चारणमा के नयाँ कुरा सिकेँ ?

- म अर्को पटक कसरी अझ राम्रो वाचन गर्न सक्छु ?

शिक्षक : - मेरो शिक्षणमा कुन रणनीति सबैभन्दा प्रभावकारी भयो ?

- के सबै विद्यार्थी सक्रिय सहभागी भए ?

**शिक्षकको निष्कर्ष**

- लय, गति, यति र भावको महत्त्व पुनः स्पष्ट गर्ने ।
- साहित्य र जीवनबिचको सम्बन्ध जोड्ने ।

## ५. प्रयोग हुने शिक्षण रणनीति तथा विधिहरू

| विधि/रणनीति | | प्रयोगको कारण |
|---|---|---|
| १. | सहकार्यात्मक सिकाइ | सामाजिक सिकाइ र आत्मविश्वास विकास |
| २. | ICT आधारित सिकाइ | श्रव्य-दृश्य प्रभाव र आकर्षण |
| ३. | परियोजनामूलक सिकाइ | व्यवहारिक र सिर्जनात्मक सिकाइ |
| ४. | अनुभवात्मक सिकाइ | हेरेर, सुनेर र गरेर सिक्ने अवसर/ दीर्घकालीन सिकाइ विकास |
| ५. | सहपाठी सिकाइ | आत्मसुधार र सहकार्य |
| ६. | विभेदित निर्देशन | फरक क्षमताका विद्यार्थी समेट्न |
| ७. | स्थानीकरण | स्थानीय लोक भाका, अन्य कविता |

## ६. समावेशिता र विविधता व्यवस्थापन

**विशेष आवश्यकता भएका विद्यार्थी**

- दृष्टिविहीन विद्यार्थीका लागि स्पष्ट अडियो सामग्री प्रयोग गर्ने ।
- आँखा कम देख्ने, कान कम सुन्ने विद्यार्थीलाई पहिलो बेञ्चमा अगाडि राख्ने ।
- लजालु विद्यार्थीलाई समूहगत प्रस्तुतीकरणमा सहभागी गराउने ।
- कमजोर विद्यार्थीलाई सक्षम विद्यार्थीसँग जोडी बनाउने ।

**भाषिक तथा सामाजिक विविधता**

- मातृभाषाको प्रभावले हुने उच्चारणगत त्रुटिलाई ध्वनि अभ्यासमार्फत् सुधार गर्ने ।
- सबै विद्यार्थीलाई समान सहभागिताको अवसर दिने ।
- लैङ्गिक, जातीय तथा भाषिक विविधताको सम्मान गर्ने ।

## ७. मूल्याङ्कन र रुब्रिक्स

मूल्याङ्कनका प्रकार : - निदानात्मक मूल्याङ्कन

- निर्माणात्मक मूल्याङ्कन
- निर्णयात्मक मूल्याङ्कन
- स्वमूल्याङ्कन
- सहपाठी मूल्याङ्कन

**रुब्रिक्स**

| **क्र.स.** | **सूचक** | **उत्कृष्ट ४** | **सन्तोषजनक ३** | **सुधार आवश्यक २** | **मापनको आधार** |
|---|---|---|---|---|---|
| १. | शुद्ध उच्चारण | | | | ह्रस्व-दीर्घ तथा संयुक्त अक्षरको शुद्धता |
| २. | लय र यति | | | | ४-४ अक्षरको विश्राम र छन्दको गति |
| ३. | भाव र संवेग | | | | भावअनुसार स्वरको आरोह-अवरोह |
| ४. | आत्मविश्वास | | | | हाउभाउ र प्रस्तुतीकरण शैली |
| | जम्मा | | | | |

## ८. नवप्रवर्तनहरू

### सिर्जनात्मक अभ्यास

- कविताको लयमा आफ्नै नैतिक सन्देश थपेर प्रस्तुत गर्ने ।
- कविता पोडकास्ट Poetry Podcast तयार गर्ने ।
- विद्यालयको डिजिटल अडियो बैंक निर्माण गर्ने ।

### स्थानीयकरण र विश्वव्यापीकरण

- स्थानीय लोकलयसँग तुलना
- विद्यालयको फेसबुक पेजमा प्रस्तुतीकरण

### कृत्रिम बौद्धिकताको उपयोग

- एआइ आधारित उच्चारण परीक्षण
- एआइ सङ्गीत संयोजन
- एआइ आवाजसँग विद्यार्थीको वाचन तुलना

## ९. २१ औँ शताब्दीका सिप

| क.स. | सिप | विकास हुने क्रियाकलाप |
|---|---|---|
| १. | सञ्चार | कविता वाचन |
| २. | सहयोग तथा समर्थन | समूह कार्य |
| ३. | सिर्जनशीलता | आफ्नै लय निर्माण |
| ४. | आलोचनात्मक सोच | लय र भाव विश्लेषण |
| ५. | डिजिटल साक्षरता | मोबाइल रेकर्डिङ |
| ६. | आत्मविश्वास | सार्वजनिक प्रस्तुतीकरण |

**ब्लुम टेक्सोनोमीअनुसार सिकाइ**

| क.स. | तह | गतिविधि |
|---|---|---|
| १. | स्मरण | छन्द सम्झने |
| २. | बोध | कविताको भाव बुझ्ने |
| ३. | प्रयोग | लयवाचन गर्ने |
| ४. | विश्लेषण | लय र भाव तुलना गर्ने |
| ५. | मूल्याङ्कन | साथीको वाचन समीक्षा गर्ने |
| ६. | सिर्जना | नयाँ लय सिर्जना गर्ने |

**१०. अपेक्षित उपलब्धि** : विद्यार्थीमा रुचि, जिज्ञासा र पूर्वज्ञान सक्रिय हुने ।

ज्ञान : लय, यति, गति र भावको ज्ञान

सिप : प्रभावकारी वाचन

डिजिटल साक्षरता : सार्वजनिक प्रस्तुतीकरण

अभिवृत्ति : साहित्यप्रति रुचि, आत्मविश्वास, सकारात्मक सोच

जीवनोपयोगी सिप : सञ्चार, सहकार्य, सिर्जनशीलता, नेतृत्व, आत्ममूल्याङ्कन

समाजमा योगदान : साहित्य, संस्कृतिको संरक्षण, सकारात्मक सन्देश प्रवाह, सिर्जनात्मक अभिव्यक्ति

## ११. सम्भावित समस्या, चुनौती र समाधान

| क.स. | समस्या | समाधान |
|---|---|---|
| १. | प्रविधिको अभाव | अफलाइन सामग्री प्रयोग |
| २. | विद्यार्थी सङ्ख्या धेरै | समूह अभ्यास |
| ३. | समय अभाव | पूर्वतयारी |

| | | |
|---|---|---|
| ४. | उच्चारण त्रुटि | पुनः अभ्यास |
| ५. | इन्टरनेट समस्या | डाउनलोड गरिएको सामग्री |

## १२. निष्कर्ष

शिक्षण केवल पाठ बुझाउने माध्यम मात्र होइन, यो विद्यार्थीको क्षमता प्रस्फुटन गराउने कला हो । शुद्ध उच्चारण र सुमधुर लयवाचनले विद्यार्थीको भाषिक दक्षता, आत्मविश्वास, सिर्जनशीलता, समालोचनात्मक चिन्तन तथा सार्वजनिक प्रस्तुतीकरण क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ ।

'उज्यालो यात्रा' कविताको लयात्मक अभ्यासले विद्यार्थीमा भाषिक शुद्धता, भाव सम्प्रेषण क्षमता, समालोचनात्मक चिन्तन, सार्वजनिक प्रस्तुतीकरण कला तथा सौन्दर्यबोधको विकास गराउँछ। साथै यसले विद्यार्थीलाई साहित्यसँग भावनात्मक रूपमा जोड्दै संवेदनशील, अभिव्यक्तिशील र आत्मविश्वासी व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याउँछ ।

विद्यार्थी केन्द्रित, समावेशी, प्रविधिमैत्री तथा व्यवहारिक शिक्षण रणनीतिले कक्षाकोठालाई केवल जानकारी दिने स्थान नभई अनुभूति, अभिव्यक्ति, सिर्जना र जीवन सिक्ने केन्द्रमा रूपान्तरण गर्दछ । आधुनिक शिक्षणको सार भनेकै विद्यार्थीलाई पाठ कण्ठ गराउनु होइन, उसलाई अनुभूति, अभिव्यक्ति र जीवनसँग जोड्नु हो । त्यसैले आधुनिक शिक्षण आजको आवश्यकता मात्र नभई गुणस्तरीय, जीवनोपयोगी र दिगो शिक्षाको आधार पनि हो ।

### शिक्षकको स्वमूल्याङ्कन

१. के मैले सबै विद्यार्थीलाई कविता वाचन प्रक्रियामा सक्रिय गराउन सकेँ ?

२. के प्रविधिको प्रयोगले सिकाइलाई थप रुचिपूर्ण बनायो ?

३. के सिकाइ व्यवहारिक र जीवनोपयोगी बन्यो ?

४. के समय व्यवस्थापन प्रभावकारी भयो ?

५. आगामी शिक्षणमा के सुधार गर्न आवश्यक छ ?

**प्रदेशस्तरीय विषयगत (नेपाली) रणनैतिक पाठयोजना निर्माण तथा कक्षा प्रस्तुतीकरण प्रतियोगिताको प्रयोजनार्थ तयार पारिएको पाठयोजना**

**कक्षा: १०** **विषय: नेपाली**
**पाठ १: उज्यालो यात्रा (कविता)** **रचनाकार: रामप्रसाद ज्ञवाली (वि.सं. २०२४)**
**पाठ्यवस्तु : भावार्थ व्याख्या** **विद्यार्थी सङ्ख्या : ४५ जना**
**समय : ४५ मिनेट** **घण्टी : द्वितीय**
**विद्यालय : श्री अमर कल्याण मावि, माइजोगमाई १, नयाँबजार इलाम**
**शिक्षक : विष्णुप्रसाद आचार्य**

**शिक्षणको केन्द्रविन्दु: (विशिष्ट श्लोक):**
"कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन ।

**१. सिकाइको सान्दर्भिकता:** 'उज्यालो यात्रा' कविताको प्रस्तुत श्लोकले विद्यार्थीमा परिश्रमको दर्शन बुझाउँछ । आजको तत्काल नतिजा खोज्ने पुस्तालाई घोटिनु (साधना) को महत्व सिकाउनु अत्यन्त आवश्यक देखिन्छ । अत: विद्यार्थीहरूमा मेहनतको फल मिठो हुन्छ भन्ने शास्त्रीय ज्ञानलाई आधुनिक जीवनको व्यवहार कुशल सिप (धैर्य, लगनशीलता र सिर्जनशीलता) सँग जोड्नु नै साँचो अर्थमा यसको सान्दर्भिकता हो ।

**२. सिकाइ सक्षमता :** सिकाइ सहजीकरणको अन्त्यमा विद्यार्थीहरू निम्न कार्यमा निपुण हुनेछन्:

- भाषिक ज्ञान: 'नन्दन' र 'चन्दन' को प्रतीक बुझी 'परिश्रम र प्रतिफल' को सम्बन्ध पहिचान गर्न ।
- सिप: दिइएको श्लोकलाई तार्किक बुँदा, उदाहरण र निष्कर्षसहितको संरचनामा भाव विस्तार गर्न ।
- जीवनोपयोगी सिप (व्यवहार) : आफ्ना कठिन परिस्थिति (दाउरो जस्तो) लाई निरन्तर साधना (घोटिएर) मार्फत उपलब्धि (चन्दन जस्तो) मा बदल्ने साथै कर्मबाट जङ्गल (निर्जन र डरलाग्दो एवम् अव्यवस्थित परिस्थिति) लाई नन्दन (मनोहर र आकर्षक एवम् व्यवस्थित स्थल) मा परिणत गर्ने सङ्कल्प गर्न ।

**३. पाठयोजनाको तयारी**
यसअन्तर्गत के गर्ने ? कसरी गर्ने ? कुन र कति समयमा गर्ने ? आदिको पूण तयारी गरिन्छ ताकि शिक्षकलाई उद्देश्यकेन्द्री बन्न मार्गदर्शन मिलोस् । अत: ABC मोडेललाई प्रस्तुत शिक्षण सिकाइमा निम्नानुसार गरिनेछ:

**पूर्वअनुमान/तयारी- ५ मिनेट:**

- क्रियाकलाप: शिक्षकले एउटा काठ वा दाउराको टुक्रो र एउटा सुगन्धित चन्दन/धूप ( प्रत्यक्ष वा तस्वीर) प्रदर्शन गर्दै सोध्ने : यो दाउरोलाई चन्दन बनाउन के गर्नुपर्ला ? ( विद्यार्थीको सम्भावित उत्तर: घोट्नुपर्छ, मेहनत गर्नुपर्छ) । विद्यार्थीलाई सङ्घर्ष र सफलता शब्द बीचको सम्बन्ध खोज्न लगाउने ।

- प्रवेश: उनीहरूले उत्तर दिएपछि थप हौसलासमेत दिँदै भन्ने कि हो, आज हामी हाम्रो जीवनको खस्रो वा रुखोपनलाई कसरी सुगन्धमा बदल्ने भन्नेबारे कविताको प्रथम एवम् अत्यन्त शक्तिशाली श्लोकको भाव व्याख्या गर्दैछौँ ।

**ज्ञान निर्माण - ३० मिनेट:**

- भाषिक विश्लेषण: जङ्गललाई अव्यवस्था र नन्दनलाई सुव्यवस्थाको प्रतीकका रूपमा व्याख्या गर्ने ।
- लेखन संरचना: भाव विस्तार गर्दा अपनाउनुपर्ने ३ चरण (परिचय, व्याख्या र निष्कर्ष) को ढाँचा स्लाइड वा चार्टबोर्डमा प्रदर्शन गर्ने ।
- विद्यार्थीहरूलाई अलग अलग ३ समूहमा बाँडी चरणअनुरुप मुख्य मुख्य बुँदा टिपोट गर्न लगाउने ।
- विद्यार्थीले लेखेका मुख्य बुँदाहरूलाई एकै ठाउँमा ल्याएर पूर्ण भाव व्याख्या प्रस्तुत गरिदिने र उनीहरूलाई व्याख्यालाई मौन पठन गर्न लगाउने ।

**पुष्टीकरण - १० मिनेट:**

- आत्मसातीकरण: "विद्यार्थीहरूलाई उनीहरूको जीवनमा अहिले 'दाउरो' (कठिनाई) के हो र 'चन्दन' (लक्ष्य) के हो ? भन्ने विषयमा एक-एक वाक्य लेख्न लगाउने ।

## ४. शिक्षण विधि र रणनीति

- रूपकात्मक शिक्षण: कविताका बिम्बलाई जीवनसँग जोड्ने । (कारण: बिम्ब र प्रतीकको धारणा बोध गरी मानवीय अवस्थासँग एकाकार गर्न सक्षम बनाउन)
- सहकार्य र समूह लेखन: समूहमा भाव विस्तार गर्दा विद्यार्थीले एकअर्काको शब्द भण्डारबाट सिक्ने मौका पाउँछन् । (कारण: समूह रसामूहिक कार्यको महत्व बोध गराउँदै सिकाइ सम्भव बनाउन)
- समालोचनात्मक चिन्तन: के केवल भाग्यले जङ्गल नन्दन बन्छ ? भन्ने प्रश्नमा समयअनुकूल भएसम्म बहस गराउने । (कारण: समालोचनात्मक क्षमताको विकास गराउन)

आवश्यकताअनुसार निम्नलिखित थप विध तथा रणनीतिहरू पनि प्रयोग गर्न सकिने:

- परियोजनामा आधारित सिकाइ: आफ्नो गाउँको बाँझो जमिनलाई कसैले बगैँचा बनाएको छ ? भन्ने उदाहरण खोज्न लगाउने । (कारण: विद्यार्थीहरूमा रटन्ते ज्ञान भन्दा प्रत्यक्ष अनुभवमा आधारित सिकाइ दिगो र प्रभावकारी हुन्छ भन्ने धारणा निर्माण गराउन)

**ICT को प्रयोग:** चन्दन घोट्दै गरेको सानो भिडियो वा कुन निरन्तर प्रयासको एनिमेसन देखाउने अथवा विद्यार्थीहरूका घरमा पूजाआजा गर्दा चन्दन घोटेर प्रयोग गर्ने गरे वा नगरेको सोध्ने र धारणा स्पष्ट पारिदिने । (वर्तमान प्रविधिमा साक्षात्कार गराइ अर्थपूर्ण एवम् प्रभावकारी शिक्षण गर्न)

## ५. शिक्षण सिकाइ सामग्रीहरू:

- चार्ट पेपर: भाव विस्तारको फ्लो-चार्ट वा स्लाइड चार्ट

- डिजिटल उपकरण: कुनै सफल व्यक्ति (जस्तै: कुलमान घिसिङ वा महावीर पुन) को फोटो जसले जङ्गललाई नन्दन बनाएका छन् ।
- प्रत्यक्ष वस्तु: चन्दनको टीका/ काठ वा दाउरोको टुक्रा ।
- डिजिटल सामग्री: कविताांशको भाव झल्किने गरी एआईबाट सिर्जना गरिएको तस्वीर ।

## ६. सिकाइ क्रियाकलाप

- मस्तिष्क मन्थन: 'शक्ति' र 'कर्म' शब्दसँग सम्बन्धित अन्य १० वटा शब्द विद्यार्थीबाटै सङ्कलन गर्ने । विद्यार्थीलाई ती शब्दको महत्वबोध गराउने वा विषयसँग कुनै मिठो कविता, चुट्किला या कथा सुनाउने ।
- व्यावहारिक भाव विस्तारको नमुना प्रस्तुत गर्ने जसमा,
  १, परिचय: श्लोकको सन्दर्भ, रचनाकार, सिङ्गो कविताको सार र पौरखको महिमा ।
  २, मूल व्याख्या: दाउरो चन्दन बन्न घोटिनुपर्छ, मान्छे महान् बन्न कठिन सङ्घर्ष गर्नुपर्छ ।
  ३, निष्कर्ष: जीवनमा कर्मको विकल्प छैन अनि कर्म असल हुनुपर्छ ।
- समूह निर्माण गरी एक एक खण्ड लेख्न लगाउने जसका लागि छोटा बोध प्रश्नहरू समेत स्लाइडमा प्रस्तुत गरिदिने ।
- विद्यार्थीहरूले आआफ्नो कार्य सकेपछि एकपटक मौन वाचन र मनन गरी आफ्नो समूह कार्यलाई टोली नेताले उठेर भन्ने । सबै समूह कार्यको सार शिक्षकले टिपोट गरेपछि छुटेका महत्वपूर्ण विषयहरू शिक्षकले आफैँ भनिदिने र पुन: व्यक्तिगत लेखन अभ्यास गराउने । विद्यार्थीहरूलाई १ मिनेट आँखा चिम्लेर आफू भविष्यमा के बन्न चाहेको हो र किन, कल्पना गर्न लगाउने ।

(ABC रणनीतिलाई अवलम्बन गर्दै शिक्षण सिकाइ कार्यकलापहरू सञ्चालन गर्ने ।)

## ७. समावेशिता र विविधता व्यवस्थापन

- बहु-बौद्धिक पहुँच: दृश्य मन पराउनेका लागि चित्र, श्रव्यका लागि लय र शारीरिक सक्रियता चाहनेका लागि अभिनय  (चन्दन घोटेको जस्तो इसारा) ।
- लैङ्गिक/जातीय समता: उदाहरण दिँदा सफल महिला उद्यमी वा स्थानीय दलित समुदायका सिपयुक्त कलाकारहरूको पौरखको चर्चा गर्ने । स्थानीय क्षेत्रका पौरखी हातहरूको उदाहरण दिँदै श्रमको सम्मान गर्नुपर्छ भन्ने धारणा विकास गराउने ।

## ८. मूल्याङ्कन (निर्माणात्मक र रुब्रिक्स)

विद्यार्थीका समूह कार्य अवलोकन गर्ने र साथमा आवश्यकताअनुसार सहजस्करण गर्ने ।

- रुब्रिक्स (मूल्याङ्कन सूचक):

(क) विषयवस्तु बोध र मौलिकता	१ अङ्क
(ख) अर्थ विस्तार, पाठको विषयवस्तुसँग व्याख्येय अंशको तालमेल तथा निष्कर्ष	२ अङ्क
(ग) वाक्य गठन तथा भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति)	१ अङ्क

## ९. अपेक्षित उपलब्धि र जीवनोपयोगी सन्देश

- विद्यार्थीले जसरी दबाबले हीरा बन्छ, त्यसरी नै मेहनतले मानिस चन्दन बन्छ भन्ने कुरा धारण गर्न सक्नेछन् ।

- विद्यार्थीमा श्रमप्रति श्रद्धा र उद्यमशीलताको विकास हुनेछ ।
- विद्यार्थीले श्लोकको गहिराइ बुझेर प्रभावकारी भाव विस्तार गर्न सक्नेछन् ।
- परिश्रम र साधनाप्रति विद्यार्थीको दृष्टिकोण सकारात्मक हुनेछ ।

**१०. नवप्रवर्तनको स्थान**

एक श्लोक, एक कथा: विद्यार्थीलाई यो श्लोकको भाव समेटिने गरी आफ्नो जीवनको कुनै एउटा वास्तविक घटना लेख्न लगाउने जसमा आवश्यक परे कृत्रिम बौद्धिकताको उपयोग गर्न प्रेरित गर्नसमेत सकिने । यसले उनीहरूलाई नवीन चिन्तनमा अग्रसर गराउने छ ।

**११. शिक्षणमा चुनौती र समाधान**

- चुनौती: कतिपय विद्यार्थीले 'कर्म' लाई केवल शारीरिक श्रम मात्र बुझ्न तथा भाव विस्तार गर्दा पनि दोहोऱ्याइ-तेहऱ्याइ एउटै कुरा लेख्ने गर्नु ।
- समाधान: मानसिक श्रम, अध्ययन र सिर्जनात्मक सोच पनि कर्मशक्तिका रूप हुन् भनी प्रस्ट्याउने । प्रत्येक अनुच्छेदमा नयाँ उदाहरण दिन र पर्यायवाची शब्द तथा विषयको महत्व उल्लेख गर्न सिकाउने ।

**१२. निष्कर्ष र स्वमूल्याङ्कन**

यस भाव व्याख्याले विद्यार्थीलाई अन्धकारबाट उज्यालोतर्फ लैजाने एउटा सानो तर बलियो आधारको काम गर्नेछ । साथै विद्यार्थीलाई सफल मात्र होइन, कर्मशील बनेर जीवन जिउनसमेत सिकाउनेछ ।

**१३. स्वमूल्याङ्कन:**

- के मैले आजको कक्षामा हरेक विद्यार्थीको अनुहारमा 'म पनि चन्दन बन्न सक्छु' या 'म पनि परिश्रम गर्न सक्छु' भन्ने दृढता ल्याइ पाठ्य श्लोकको भावबोध गराउन सकेँ ? भन्ने मनन गरी आगामी दिनमा थप प्रावकारी शिक्षण सिकाइतर्फ केन्द्रित हुनुपर्ने ।

विषय शिक्षक　　　　　　　　　　　　　　　　छनोटकर्ता विषयविज्ञ

# कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय धनकुटाद्वारा आयोजित

# माध्यमिक तह नेपाली विषय शिक्षकहरूबिच कोशी प्रदेशस्तरीय

# शिक्षण सिकाइ प्रतियोगितामा तृतीय स्थान प्राप्त गर्न सफल

# रणनैतिक पाठयोजनाको नमुना

**२०८३ असार १४**

**(कक्षा १० को घरझगडा कथाको सस्वर पठन र शब्दार्थ शिक्षण सिकाइका लागि तयार पारिएको सामग्री)**


<u>तयार तथा प्रस्तुतकर्ता</u>

शिक्षक: तारानाथ पराजुली

तह/श्रेणी: माध्यमिक/द्वितीय

विद्यालय: श्री सगरमाथा मा. वि. हतुवागढी १ घोडेटार, भोजपुर

इमेल:taranath2042@gmail.com

फोन नं.: ९८४०९८२०४०

# रणनैतिक पाठयोजनाको नमुना

## १. विषय प्रवेशः

कक्षाः १० विषयः नेपाली

पाठः २ पाठ शीर्षकः घरझगडा (कथा)

पाठ्यवस्तुः सस्वर पठन र शब्दार्थ शिक्षण (अनुच्छेद एकदेखि दुईसम्म)

सिकाइको सान्दर्भिकताः

- ✓ सिकाइलाई क्रियाकलापमुखी, रुचिकर, उद्देश्यमूलक एवम् प्रभावकारी बनाउन ।
- ✓ कथनात्मक अभिव्यक्ति सिपको विकास गराउन ।
- ✓ समावेशित सिर्जना र परियोजनासम्बद्ध क्रियाकलापमा मौलिकता दिन ।
- ✓ सस्वर पठन, शब्दार्थ, वाक्यमा प्रयोग गर्न ।

## २. सिकाइका उद्देश्यः

(क) निर्दिष्ट अनुच्छेद हाउभाउ सहित गति र यति मिलाई सस्वर पठन गर्न ।

(ख) निर्दिष्ट अनुच्छेदका नयाँ शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न ।

## ३. पाठयोजनाको तयारीः

(क) स्रोतसाधनको तयारीः

- ✓ कक्षाकोठाको सिकाइ सहजीकरणका लागि आवश्यकीय सामग्रीको जोहो गरिएको ।

(ख) समय व्यवस्थापनः

- ✓ अनुमानित १ कार्यघण्टाको लागि ६० मिनेटको समय व्यवस्थापन गरिएको ।

(ग) चरणबद्ध क्रियाकलापः

- ✓ ऐतिहासिक विषयवस्तुमा आधारित छलफल ।
- ✓ सस्वर पठन, शब्दार्थ र वाक्यमा प्रयोग ।

(घ) शिक्षक र विद्यार्थीको भूमिकाः

शिक्षकको भूमिका:

- ✓ सूचनाकर्ता, प्रबर्द्धक, पथप्रदर्शक, खोजकर्ता, सहजकर्ता, उत्प्रेरक एवम् रचनाकार ।
- ✓ सिकाइप्रति जिज्ञासु बनाउने आदर्श व्यक्ति ।

विद्यार्थीको भूमिका:

- ✓ सक्रियता, जिज्ञासु र सहभागिता, स्वःसिकाइ ।
- ✓ नैतिक एवम् सामाजिक व्यवहार प्रदर्शन ।

(ङ) एबिसि सम्बद्ध क्रियाकलाप:

(अ) प्रारम्भिक चरण:

- ✓ विद्यार्थीको पूर्वज्ञानको जानकारी लिई सिकाइको उद्देश्य निर्धारण गर्ने ।
- ✓ नेपाल एकीकरणसँग सम्बन्धी छोटो भिडियो तथा चित्र प्रस्तुत गर्ने ।

(आ) मुख्य चरण:

- ✓ मूल विषयवस्तुमा प्रवेश गरी विषयवस्तुसम्बद्ध क्रियाकलापहरू सञ्चालन गर्ने ।
- ✓ पाठसँग व्यक्तिगत सम्बन्ध स्थापित गर्ने ।
- ✓ विशिष्ट उद्देश्य पूरा गराउने ।

(इ) समापन चरण:

- ✓ छलफल भएका मुख्य विषयवस्तुको सारांश निकाल्ने ।

## ४. **प्रयोग हुने शिक्षण विधि तथा रणनीतिहरू:**

- ✓ सहकार्यात्मक (व्यक्ति वा समूह कार्य) ।
- ✓ छलफल, प्रयोगात्मक तथा खोज कार्य ।
- ✓ समालोचनात्मक चिन्तन वा सिकाइ ।

माथिका विधि तथा रणनीति छनोट गर्नुपर्ने कारण:

- ✓ निर्दिष्ट शैक्षणिक उद्देश्य पूरा गर्न ।
- ✓ विषयवस्तु र पाठलाई परिवेश अनुकूल बनाउन ।

## ५. शिक्षण सिकाइ सामग्रीहरू:

(क) शिक्षण सिकाइ सामग्रीहरू:

- ✓ पाठ्यपुस्तक, शिक्षक निर्देशिका, नेपालको एकीकरण झल्कने भिडियो तथा चार्ट, अनुच्छेद चार्ट, फलाटिन पाटी, गोजी तालिका, शब्दपत्ती, अर्थपत्ती, वाक्यपत्ती ।

(ख) स्थानीय स्रोतको उपयोगः

- ✓ पलाटिन पाटी, अनुच्छेद चार्ट, गोजी तालिका, शब्दपत्ती, अर्थपत्ती र वाक्यपत्ती ।

(ग) डिजिटल उपकरणहरू:

- ✓ स्लाइड
- ✓ नेपालको एकीकरण झल्कने घटनाको भिडियो वा चित्र

## ६. सिकाइ क्रियाकलापः

(क) मस्तिष्क मन्थनः (आवश्यकताका आधारमा)

(ख) विद्यार्थी सक्रियताका क्रियाकलापः

- ✓ विद्यार्थीको समूह विभाजन एकीकरणसँग सम्बन्धित भिडियो र पाठको चित्रको बारेमा छलफल गराउने र टोली नेताबाट उत्तर भन्न लगाउने ।
- ✓ शिक्षकले अनुच्छेद एक देखि दुईसम्म स्लाइड वा अनुच्छेद चार्ट प्रस्तुत गर्ने र कथालाई गति, यति मिलाई हिज्जे समेत ख्याल गरी शिक्षकले सुरूमा पहिलो अनुच्छेदका दुई वाक्य सस्वर पठन गर्ने र विद्यार्थीलाई ध्यानपूर्वक सुन्न लगाउने ।
- ✓ त्यसपछि विद्यार्थी सबैलाई दुबै अनुच्छेद सस्वर पठन गर्न लगाउने र त्यसपछि दुई समूहमा विभाजन गरी एक एक अनुच्छेद भाग लगाउने साथै अन्त्यमा प्रत्येक समूहबाट १/१ जनालाई अनुच्छेदको पालैपालो सस्वर पठन गर्न लगाई उच्चारणमा आवश्यक परेका अवस्थामा शिक्षकले सहजीकरण गर्ने ।
- ✓ सस्वर पठनका क्रममा विद्यार्थीलाई नयाँ लागेका शब्दको अर्थ खोज्न ३ समूहमा विद्यार्थीको विभाजन गरी भन्न लगाउने र शिक्षकले शैक्षणिक पाटीमा टिपोट गरी छलफल गराई अर्थ पहिचान तथा वाक्यमा प्रयोग गर्न लगाउने ।
- ✓ सबै विद्यार्थीलाई व्यक्तिगत तथा सामूहिक कार्य गरेकोमा धन्यवाद दिने ।

(ग) वैयक्तिक/जोडा/समूह कार्यः

- ✓ कक्षाकोठामा वैयक्तिक र सामूहिक कार्यमा सरिक गराइएको ।
- ✓ विद्यार्थीको समूह विभाजन गर्ने र शब्दपत्ती, अर्थपत्ती तथा वाक्यपत्तीको गोजी तालिकामा प्रयोग गरी पालैपालो प्रस्तुतीकरण र आवश्यक परेमा शिक्षकले थप सहजीकरण गरिएको ।
- ✓ अनुच्छेद चार्टका आधारमा विद्यार्थीलाई वैयक्तिक पठन गर्न लगाउने ।

(घ) प्रयोगात्मक कार्यः

- ✓ सिकाइलाई परियोजनामा आधारित बनाइने ।
- ✓ आफूलाई नयाँ लागेका शब्दको अर्थ खोजी वाक्यमा प्रयोग गर्न लगाउने ।

(ङ) समालोचनात्मक चिन्तन विकास गर्ने अभ्यासः

- ✓ वैयक्तिक भिन्नता पहिचान गरी पृष्ठपोषण दिन ।
- ✓ सहयोगात्मक सिकाइको वातावरण सिर्जना गर्न ।
- ✓ सिकाइलाई क्रियाकलापमा आधारित बनाउन ।

## ७. समावेशिताको क्षेत्रहरूः

(क) फरक क्षमताका विद्यार्थी समट्ने विधिः

- ✓ सहकार्यात्मक सिकाइ ।
- ✓ परियोजनामा आधारित सिकाइ ।
- ✓ समस्या समाधानमा आधारित सिकाइ ।

(ख) लैङ्गिक, जातीय, भाषिक लगायतका विविधता व्यवस्थापनः

- ✓ सिकारुलाई एकआपसमा छलफल र अन्तरक्रिया गर्ने अवसर सिर्जना गर्ने ।
- ✓ समावेशी सिकाइ अवलम्बन गर्ने ।

## ८. मूल्याङ्कनः

(क) निर्माणात्मक, निर्णयात्मक र निदानात्मक मूल्याङ्कनः

(अ) अनुच्छेद एकका सुरूका चार वाक्य सस्वर पठन गर्नुहोस् ।

(आ) दिइएका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्:

- ✓ अमृत, बेकुफी र सर्वस्व

## ९. <u>आइसिटिको आवश्यकता र प्रयोग:</u>

(क) सिकाइमा प्रविधिको एकीकरण:

- ✓ सिकाइलाई प्रभावकारी बनाउन ।
- ✓ सिकारुमा सिर्जनशीलताको सिप विकास गराउन ।
- ✓ सिकाइलाई विश्वव्यापी ज्ञानसँग जोड्न ।

(ख) इनट्याट्रिभ टुल्स:

- ✓ स्मार्ट बोर्ड, प्रोजेक्टर, गुगल, युटुब, अडियो सिकाइ, भ्वाइस रेकर्डिङ, मोबाइल सिकाइ, मोबाइल एप्स ।

(ग) डिजिटल सामग्रीको प्रयोग:

- ✓ अनलाइन कक्षा सञ्चालन ।
- ✓ मल्टिमिडिया प्रस्तुतीकरण ।
- ✓ शैक्षिक एप वा सिकाइ चौतारीको प्रयोग ।

## १०. <u>अपेक्षित उपलब्धि:</u>

(क) विद्यार्थीले हासिल गरेको सिकाइ:

- ✓ निर्दिष्ट अनुच्छेद हाउभाउ, गति र यति मिलाई सस्वर पठन गर्न ।
- ✓ पाठगत शब्दको अर्थ पहिचान गरी वाक्यमा प्रयोग गर्न ।

(ख) सिकाइको प्रभाव:

- ✓ सस्वर पठन, पाठगत शब्दार्थ र प्रयोग ।

(ग) जीवनोपयोगी सिपको विकास:

- ✓ सिकारुको जीवनमा आइपर्ने समस्यालाई बुद्धिमतापूर्ण ढङ्गबाट समाधान गर्न ।
- ✓ सिकेको ज्ञानलाई वास्तविक जीवनमा उतार्न ।
- ✓ सञ्चार, समूह कार्य, समस्या समाधान, स्वनिर्णय सिपको विकास गर्न ।

(घ) सिकाइको समाजमा योगदानः

- ✓ परिवारको सुःख, शान्ति, समृद्धिमा मेलमिलापको भावना हुनुपर्ने ।
- ✓ व्यक्तिको रिस, राग, ईर्ष्या र घमण्ड नै प्रगतिको बाधक बन्ने ।
- ✓ सफलता प्राप्त गर्न स्पष्ट लक्ष्य लिएर अगाडि बढ्नु पर्ने ।

## ११. <u>नवप्रवर्तनको स्थानः</u>

(क) सिर्जनात्मक अभ्यासः

- ✓ समस्या समाधान अभ्यास, परियोजना कार्य, समूह छलफल तथा सहकार्य, सिर्जनात्मक लेखन, सहपाठी सिकाइ ।

(ख) स्थानीयकरण/विश्वव्यापीकरणको सम्भावनाः

(अ) स्थानीयकरणको सम्भावनाः

- ✓ स्थानीय ज्ञान र सिपको विकास गर्न ।

(आ) विश्वव्यापीकरणको सम्भावनाः

- ✓ ज्ञानमा आधारित समाजको सिर्जना गर्न ।
- ✓ नवीनतम ज्ञान तथा प्रविधिाको उपयोग गर्न ।

(ग) कृत्रिम बौद्धिकताको उपयोगः

- ✓ रणनैतिक शैक्षणिक योजना निर्माण र प्रयोग गर्न ।
- ✓ उपयुक्त शैक्षणिक सामग्री पहिचान, सङ्कलन, निर्माण, प्रयोग र भण्डारण गर्न ।
- ✓ सिकाइलाई अन्तरक्रियात्मक र प्रविधिमैत्री बनाउन ।

## १२. <u>शिक्षण सिकाइमा आइपर्ने समस्या, चुनौती र समाधानका उपायहरूः</u>

(क) शिक्षण सिकाइमा आइपर्ने समस्याः

- ✓ विद्यार्थीकेन्द्रित र क्रियाकलामुखी सिकाइ गर्न ।
- ✓ प्रविधिमैत्री कक्षाकोठा बनाउन ।

(ख) शिक्षण सिकाइमा आइपर्ने चुनौतीः

- ✓ सिकाइमा जीवनोपयोगी सिपको विकास ।
- ✓ सिकाइमा आधुनिक प्रविधिको प्रयोगको पर्याप्तता ।
- ✓ प्रवर्तनात्मक, सिर्जनात्मक र अनुसन्धानमूलक कार्यको महत्त्व ।

(क) शिक्षण सिकाइमा आइपर्ने समस्या समाधानका उपायहरुः

- ✓ सुधारात्मक तथा उपचारात्मक सिकाइको अवसर प्रदान गर्ने ।
- ✓ विद्यार्थीकेन्द्रित र विद्यार्थीमैत्री शैक्षणिक विधिको प्रयोग गर्ने ।
- ✓ कक्षाकोठालाई प्रविधिमैत्री र अन्तरक्रियात्मक बनाउने ।

**१३. <u>निष्कर्षः</u>**

(क) आगामी दिनको सम्भावनाः

- ✓ डिजिटल पाठयोजनाको निर्माण र प्रयोग ।
- ✓ समावेशी, खोजमुखी र अन्तरक्रियात्मक सिकाइ ।
- ✓ विद्यार्थीकेन्द्रित र क्रियाकलापमुखी सिकाइ ।

(ख) स्वमूल्याङ्कनः

- ✓ मैले कक्षाकोठालाई क्रियाकलापमुखी र विद्यार्थीकेन्द्रित बनाएको छु ।
- ✓ सिकाइमा समूह कार्य, सिर्जनात्मक कार्य र परियोजना कार्यलाई उपयोगमा ल्याएको छु ।

समाप्त ।